# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, वैशाख २३ गते २०५९ साल (संख्या ४

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव र २०५८ अङ्कित देहाय बमोजिमको डिजाइन, नाप र तौल भएका सिक्काहरू निष्काशन गर्न नेपाल राष्ट्र बैंङ्कलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

अग्र भागः वरिपरी ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५८ रही स्वस्तिक चिन्हभित्र श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठ भागः वरिपरी ६४ थोप्लाभित्र बीचमा रुखको फेदमा बसी शिष्यहरूलाई शिक्षा दिंदै गरेको प्रभामण्डल सहितको भगवान् बुद्धको तस्वीर, तस्वीरको बायाँतर्फ सबैभन्दा माथि चिनियाँ भाषामा नेपाल, त्यसको तल अंग्रेजीमा NEPAL RS.100, त्यसँगरी तस्वीरको दायाँतर्फ माथि चिनियाँ भाषामा र तल अंग्रेजी भाषामा LORD BUDDHA उल्लेख भई सबभन्दा तल पाँचजना शिष्यहरूको तस्वीर उल्लेख हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पेशिफिकेशनः

| | |
|---|---|
| दर | रू. १००१/– |
| तौल | २० ग्राम |
| व्यास | ३८.७० मि.मि. |
| धातु | Nordioc Gold |
| सिरेशन | धर्सो भएको |
| स्तर | UNC |
| अधिकतम निष्काशन थान | ३०,००० |

## सूचना २

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सिंगापुर मिन्ट, सिंगापुरबाट देहायबमोजिमको डिजाइन, नाप र तौल भएका सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैङ्कलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

अग्र भागः वरिपरी ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५८ रही स्वस्तिक चिन्हभित्र श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठ भागः वरिपरी ६४ थोप्लाभित्र सबभन्दा माथि अर्ध गोलाकार रूपमा अंग्रेजीमा 925 FINE SILVER बीचमा रुखको फेदमा बसी शिष्यहरूलाई शिक्षा दिंदै गरेको प्रभामण्डल सहितको भगवान् बुद्धको तस्वीर, तस्वीरको बायाँतर्फ सबैभन्दा माथि चिनियाँ भाषामा नेपाल, त्यसको तल अंग्रेजीमा NEPAL RS. 1500, त्यसैगरी तस्वीरको बायाँतर्फ माथि चिनियाँ भाषामा र तल अंग्रेजी भाषामा LORD BUDDHA उल्लेख भई सबभन्दा तल पाँचजना शिष्यहरूको तस्वीर उल्लेख हुनेछ ।

स्पेशिफिकेशन

| | |
|---|---|
| दर | रू. १५००।– |
| तौल | २० ग्राम |
| व्यास | ३८.७० मि.मि. |
| धातु | चाँदी ९२५ प्रतिशत |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| सिरेशन | धर्सो भएको |
| स्तर | प्रुफ |
| अधिकतम निष्काशन थान | १५,००० |

## सूचना ३

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सिंगापुर मिन्ट, सिंगापुरबाट देहाय बमोजिमको डिजाइन, नाप र तौल भएका असर्फीहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ।

अग्र भाग: वरिपरी ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५८ रही स्वस्तिक चिन्हभित्र श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ।

पृष्ठ भाग: वरिपरी ६४ थोप्लाभित्र सबभन्दा माथि अर्ध गोलाकार रूपमा अंग्रेजीमा 999.9 FINE GOLD बीचमा पद्मासनमा बसेको प्रभामण्डल सहितको भगवान् बुद्धको तस्वीर, तस्वीरको बायाँतर्फ अंग्रेजी भाषामा र दायाँतर्फ चिनियाँ भाषामा LORD BUDDHA उल्लेख भई सबभन्दा तल अंग्रेजी र चिनियाँ भाषामा NEPAL र अंग्रेजीमा ASARFI उल्लेख हुनेछ।

स्पेशिफिकेशन

| | |
|---|---|
| दर | असर्फी |
| तौल | ०.३ ग्राम |
| व्यास | ७ मि. मि |
| धातु | शुद्ध सुन |
| सिरेशन | धर्सो नभएको |
| स्तर | BU |
| अधिकतम निष्काशन थान | ३०,००० |

## सूचना ४

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सिंगापुर मिन्ट, सिंगापुरबाट देहायबमोजिमको डिजाइन, नाप र तौल भएका असर्फीहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अग्र भाग : वरिपरी ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य शङ्ख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५८ रही स्वस्तिक चिन्हभित्र श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठ भाग : वरिपरी ६४ थोप्लाभित्र सबभन्दा माथि अर्ध गोलाकार रूपमा अंग्रेजीमा 1/10 OZ 999.9 FINE GOLD बीचमा रुखको फेदमा पद्माशनमा बसेको प्रभामण्डल सहितको भगवान् बुद्धको तस्वीर, तस्वीरको बायाँतर्फ चिनियाँ र अंग्रेजी भाषामा LORD BUDDHA उल्लेख भई सबभन्दा तल अर्ध गोलाकार रुपमा अंग्रेजी र चिनियाँ भाषामा NEPAL र अंग्रेजीमा ASARFI उल्लेख हुनेछ ।

स्पेशिफिकेशन

| | |
|---|---|
| दर | असर्फी |
| तौल | १/१० औंस |
| व्यास | १७.९५ मि.मि. |
| धातु | शुद्ध सुन |
| सिरेशन | धर्सो भएको |
| स्तर | BU |
| अधिकतम निष्काशन थान | १५,००० |

## सूचना ५

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सिंगापुर मिन्ट, सिंगापुरबाट देहाय बमोजिमको डिजाइन, नाप र तौल भएका सिक्काहरु टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

अग्र भाग : वरिपरी ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५८ रही स्वस्तिक चिन्हभित्र श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठ भाग : वरिपरी ६४ थोप्लाभित्र सबभन्दा माथि अर्ध गोलाकार रूपमा अंग्रेजीमा 1/2 OZ 999.9 FINE GOLD बीचमा रुखको फेदमा पद्माशनमा बसेको प्रभामण्डल सहितको भगवान् बुद्धको तस्वीर, तस्वीरको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९८

बायाँतर्फ चिनियाँ र अंग्रेजी भाषामा LORD BUDDHA उल्लेख भई सबभन्दा तल अर्ध गोलाकार रुपमा अंग्रेजी र चिनियाँ भाषामा NEPAL र अंग्रेजीमा ASARFI उल्लेख हुनेछ ।

स्पेशिफिकेशन

| | |
|---|---|
| दर | असर्फी |
| तौल | १/२ औंस |
| व्यास | २७ मि. मि. |
| धातु | शुद्ध सुन |
| सिरेशन | धर्सो भएको |
| स्तर | प्रुफ |
| अधिकतम निष्काशन थान | २,५०० |

## सूचना ६

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सिंगापुर मिन्ट, सिंगापुरबाट देहाय बमोजिमको डिजाइन, नाप र तौल भएका असर्फीहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

अग्र भाग: वरिपरी ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शङ्ख चक्र, गदा, पद्म र तल्लो भागमा २०५८ रहने स्वस्तिक चिन्हभित्र श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठ भाग: वरिपरी ६४ थोप्लाभित्र सबभन्दा माथि अर्ध गोलाकार रूपमा अंग्रेजीमा 1/25 OZ 999.9 FINE GOLD बीचमा रुखको फेदमा पद्-मासनमा बसेको प्रभामण्डल सहितको भगवान् बुद्धको तस्वीर, तस्वीरको बायाँतर्फ चिनियाँ र अंग्रेजी भाषामा LORD BUDDHA उल्लेख भई सबभन्दा तल अर्ध गोलाकार रुपमा अंग्रेजी र चिनियाँ भाषामा NEPAL र अंग्रेजीमा ASARFI उल्लेख हुनेछ ।

स्पेशिफिकेशन

| | |
|---|---|
| दर | असर्फी |
| तौल | १/२५ औंस |
| व्यास | १३.९२ मि.मि. |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| धातु | शुद्ध सुन |
| सिरेशन | घर्सो भएको |
| स्तर | BU |
| अधिकतम निष्काशित थान | २५,००० |

## सूचना ७

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी कान्ती बाल अस्पतालले आयात गर्ने अमेरिकी डलर ७०,०००.०० मूल्य बराबरका अस्पताल सामग्रीहरूमा लाग्ने भन्सार महसुल १ प्रतिशत लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशनगरिएको छ।

## सूचना ८

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी UNDP Feeder Road Project को नाममा आयात भएको L200 Double Cabin Pick-Up 4X4 ६६–१–१०.७३ नम्बरको एकथान गाडी तेह्रथुम जिल्ला विकास समितिले अमेरिकी डलर ४,०००.०० मा खरीद गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी परराष्ट्र मन्त्रालयले सिंगापुरको SNP SPRINT Pte Ltd. बाट पाँच हजार थान साधारण नेपाली राहदानी आयात गर्दा लाग्ने भंसार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी परराष्ट्र मन्त्रालयले फ्रान्सको Francois Charles Oberthur Fiduciaire बाट दुई लाख पचास हजार थान साधारण नेपाली राहदानी र चालीस हजार थान ट्राभल डकुमेन्ट आयात गर्दा लाग्ने भंसार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को अनुसूचि–२ को खण्ड (ख) को क्रमसंख्या २ र ३ को प्रयोजनको निमित्त देहायको पद र श्रेणीको लागि देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता तोकेको छ।

| क.सं. | पद, श्रेणी | न्यूनतम योग्यता |
|---|---|---|
| १. | भन्सार सूचना प्रणाली अधिकृत (रा.प.तृतीय प्रा.) | कम्प्युटर विज्ञानमा स्नातक वा कम्प्युटर इन्जिनियरिङ्गमा स्नातक वा प्रमुख विषय कम्प्युटर विज्ञान लिई तीन वर्षे स्नातक वा विज्ञान (भौतिक शास्त्र) मा स्नातक गरी स्वीकृत संस्थाबाट सिष्टम एनालिसिस डिजाईन र सफटवेयर डेभलपमेण्टमा कम्तिमा ९ (नौ) महिनाको डिप्लोमा प्राप्त। |
| २. | भन्सार सञ्चार प्रणाली अधिकृत (रा.प. तृतीय प्रा.) | कम्प्युटर इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रिकल र इलेक्ट्रोनिक इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक कम्प्यूनिकेशन इन्जिनियरिङ्गमा स्नातक। |
| ३. | भन्सार सूचना प्रणाली सहायक (रा.प.अनं.प्रथम प्रा.) | प्रमाण पत्र तह उत्तीर्ण गरी डस विन्डोज अपरेटिङ्ग सिष्टम, बेसिक अफ डाटा बेसमा कम्तिमा एक महिनाको तालिम, एम. एस. वर्डमा कम्तिमा एक महिनाको तालिम र एम. एस. एक्सेलमा कम्तिमा एक महिनाको तालिम प्राप्त। |

आज्ञाले,
तीर्थराज शर्मा
श्री ५ को सरकारको निमित्त सचिव

श्री ५ को सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५ को सरकारले पाथीभरा क्षेत्र विकास समिति गठन (आदेश), २०५३ को दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सोही आदेशको दफा ३ को उपदफा (२) को खण्ड (ण) मा रहेको "पाँच जना व्यक्तिहरू" भन्ने शब्दहरूको सट्टा "आठ जना व्यक्तिहरू" भन्ने शब्दहरू राखि हेरफेर गरेको छ।

आज्ञाले,
वीरेन्द्रबहादुर देउजा
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

### श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

श्री ५ को सरकारको मिति २०५९ साल वैशाख ५ को निर्णयानुसार गृह मन्त्रालयका राजपत्राङ्कित प्रथम श्रेणी (प्र.) श्री विजयराज भट्टराईलाई सोही मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारको मिति २०५९ साल वैशाख ५ को निर्णयानुसार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव श्री रविबहादुर विष्टले निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) बमोजिम निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदबाट स्वेच्छिक अवकाश पाउन दिनु भएको निवेदन सोही ऐन बमोजिम, २०५९ वैशाख १ गतेदेखि लागू हुने गरी स्वीकृत गरिएको छ ।

आज्ञाले,
शशिकान्त मैनाली
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

20